बलेफी गाउँपालिका
Balephi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
बलेफी, सिन्धुपाल्चोक
Balephi, Sindhupalchok

पत्र संख्या (Letter No.): २०८१/०८२
सूचना नं. (Notice No.): ३६

बागमती प्रदेश, नेपाल (Bagamati Province, Nepal)

## उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान वितरणका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना !!!

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०१/३०)**

बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बलेफी गाउँपालिकाबाट सञ्चालन हुने उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान कार्यक्रम कार्यान्वयनका लागि बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा स्वीकृत "**स्थानीय तहमा विनियोजन सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**" बमोजिम मापदण्ड पुरा गरेका र यस कार्यक्रममा सहभागी हुन इच्छुक **दुग्ध उत्पादक सहकारी संस्था/दुध संकलक केन्द्र/दुध संकलन गरिरहेका बहुउद्देश्यीय सहकारी/निजि डेरीहरुले** यो सूचना प्रकाशन भएको मितिले **३० दिन भित्र** तपसिल बमोजिमका कागजातहरु संलग्न राखी बलेफी गाउँपालिकाको पशु सेवा शाखामा तोकिएको ढाँचा अनुसार आवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव उपर कुनै पनि कारबाही नहुने व्यहोरा जानकारी गराइन्छ।

**तपसिलः**

१. सहकारी दर्ता र पान दर्ता प्रमाण पत्रको प्रतिलिपी।
२. गत आ.व. को लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी।
३. बलेफी गाउँपालिकाको कार्यालयमा सूचिकृत तथा नविकरण भएको दुग्ध उत्पादक सहकारी संस्था तथा दुग्ध संकलन केन्द्रको प्रमाणपत्रको प्रतिलिपी।
४. वार्षिक साधारण सभाको प्रमाणित प्रतिलिपी।
५. वार्षिक दुध बिक्रीको परिमाण खुल्ने कृषकहरुको प्रमाणित नामावली र बैंक खाता विवरण।
६. सम्बन्धित वडा कार्यालयको वार्षिक दुध संकलनको यथार्थ परिमाण खुल्ने सिफारिस पत्र।
७. सम्बन्धित कार्यविधि बमोजिमको प्रस्ताव र स्वघोषणा पत्र।
८. सम्बन्धित कृषकको बैक खाताको चेकको फोटोकपी।

.......................
(लोकेन्द्र बहादुर राई)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०११-४००५३६, ४००५३८, ४००५३९ ईमेलः balephi2017@gmail.com वेबसाइटः https://www.balephimun.gov.np
फेसबुकः www.facebook.com/balephiruralmunicipality